**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः ७, पौष २६ गते, २०८२ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका आर्थिक ऐन (प्रथम संशोधन), २०८२

नगर सभाबाट पारित मिति : २०८२।९।२५

व्यास नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट पारित भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क.सं. | साविकमा भएको | संशोधन/थप गरिएको |
|---|---|---|
| १. | दफा १८ **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनैपनि किसिमको कर छुट दिइने छैन । विशेष परिस्थिति सृजना भएमा नगर कार्यपालिकाको बैठकबाट नगर सभामा पेश गर्ने गरी छुट दिन सकिनेछ । | यस ऐन बमोजिम बाहेक कर वा ठेक्का रकम तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनैपनि किसिमको कर वा ठेक्का रकममा छुट दिइने छैन । तर विशेष परिस्थिति सृजना भएमा वा नगरबाट प्रकाशित सूचनामा छुट दिने वा घटाउने व्यवस्था उल्लेख भएमा नगर कार्यपालिकाको बैठकबाट नगर सभामा पेश गर्ने गरी छुट दिन वा घटाउन सकिने सकिनेछ । |
| २. | अनुसूची ४ नयाँ दर्ताको हकमा दर्ता शुल्कको नोट : (ख) व्यास नगरपालिकाभन्दा बाहेक अन्यत्र दर्ता भएको हकमा नयाँ दर्ता शुल्क लाग्ने छैन । | व्यास नगरपालिकाभन्दा बाहेक अन्यत्र दर्ता भएको हकमा शाखा/व्यवसाय दर्ता शुल्क लाग्नेछ । शाखा दर्ता शुल्क पनि व्यवसाय दर्ता शुल्क सरह लाग्नेछ । |
| ३. | अनुसूची १२ को सि.नं.९ पछि थप | १०. आर्थिक वर्षको अन्त्यमा गरिने नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा र माटो) घाट गद्दी/स्टक प्रमाणित शुल्क प्रति घन मिटर रु.५। लाग्नेछ ।<br>११. आर्थिक वर्षको अन्त्यमा गरिने नदीजन्य |

| क.सं. | साविकमा भएको | संशोधन/थप गरिएको |
|---|---|---|
| | | पदार्थ (ढुंगा, गिटी, वालुवा र माटो) घाट गद्दी/स्टक प्रमाणित नगरेमा जरिवाना प्रति घन मिटर रु.१०। लाग्नेछ । |
| ४. | अनुसूची १३ (१) को सि.नं.४३ पछि थप | ४४ पशु तथा कृषि बाली क्षति बिमा सिफारिस गर्दा शुल्क लाग्ने छैन । |
| ५. | अनुसूची १३ (२) को क्र.सं.२१ पुरुष म्याराथन तथा महिला दर्ता शुल्क रु.१००। | म्याराथन दर्ता शुल्क रु.३००। |
| | अनुसूची १३ (२) को क्र.सं.३४ पछि थप | ३५. निर्माण व्यवसायी ठाउँसारी दस्तुर रु.१०,०००। लाग्नेछ । |
| ६. | अनुसूची १३ (४) को सि.नं.९४ पछि थप | ९५. सरसफाई शुल्क १५ दिनमा एक पटकको मासिक रु.३५। लाग्नेछ । |
| | | ९६. सरसफाई शुल्क महिनामा एक पटकको मासिक रु.२५। लाग्नेछ । |
| | | ९७. घुम्ती शौचालय भाडामा लगाउँदा दैनिक रु.१,०००। शुल्क लाग्नेछ । |

**आज्ञाले**
**(सुकदेव लम्साल)**
**प्रमुख प्रशासकीय अधिकृत**